जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक २१५ २०७७ साल चैत १४ गते शनिबार (27 Mar. 2021 Saturday) मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मौखिक वा विद्युतिय माध्यमबाट कसूरको सूचना दिन सकिने,
- पक्राउ गर्नु अघि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारि गर्नु पर्ने,
- सरकार वादी हुने फौजदारी कसूर सम्बन्धमा मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने,
- अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा मुद्दामा ठहर गर्नु कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीबीच छलफल गगराउन सक्ने,
- अदालतको अधिकारक्षेत्र र हदम्याद सम्बन्धी विषयमा पहिले निर्णय गर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : वैदिक दर्शनको महत्व... ३ पृष्ठमा : भूमि सम्बन्धी समस्या ... ३ पृष्ठमा : चीनद्वारा बेलायती नागरिक र ...

## बिरामीका आफन्त महिलामाथि चिकित्सकद्वारा आपत्तिजनक व्यवहार

### चिकित्सक प्रहरी नियन्त्रणमा, अस्पतालद्वारा चिकित्सक निलम्बन



**दैनिक समाचारदाता**
**राजविराज, १३ चैत ।**

एक महिलामाथि एक चिकित्सकले आपत्तिजनक व्यवहार गरेको भन्दै अनुसन्धानका लागि चिकित्सकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

राजविराजस्थित छिन्नमस्ता अस्पतालका चिकित्सक डा. राजन जयसवालले भान्जीको उपचारका लागि आएकी ती महिलामाथी आपत्तिजनक व्यवहार गरेको आरोप लगाइएको छ ।

सो घटनाका कारण शुक्रबार अस्पताल दिनभर तनावग्रस्त बनेको थियो । तनाव बढ्दै जाँदा आरोपित चिकित्सकलाई प्रहरीले नियन्त्रणमा लिई आवश्यक अनुसन्धान सुरु गरेको प्रहरी उपरीक्षक राजेन्द्र धमलाले जानकारी दिएका छन् ।

पीडित पक्षको उजुरीको आधारमा सो अस्पतालका बाल रोग विशेषज्ञ डा. जयसवाललाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान सुरु गरिएको उनले बताए ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका निवासी ३२ बर्षीया पीडित महिलाले सोही अस्पतालमा दुई दिन अघि जन्मिएकी भान्जीलाई चेकजाचको क्रममा बन्द कोठाभित्र डा. जयसवालले आफूमाथी यौनदुर्व्यहार गरेको आरोप लगाएकी छिन् ।

पतिलाई पूर्जा लेख्दै औषधी लिन बाहिर पठाएर जाँच्ने कोठामा आफ्नो भित्रि बस्त्र खोल्न लगाएर यौन दुर्व्यबहार गरेको पीडित महिलाले बताइन् । उक्त कार्यको प्रतिवाद गर्दै हल्ला गरेपछि जम्मा भएको भीडले चिकित्सकलाई नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएको पीडित महिलाका पतिले बताएका छन् ।

यसैबीच बिरामीको कुरुवालाई अभद्र व्यबहार गरेको गुनासो आएपछि शुक्रबारै अस्पताल व्यवस्थापन समितिले एक प्रेस बिज्ञप्ती मार्फत् चिकित्सक जयसवाललाई निलम्बन गरिएको जनाएको छ ।

## सशस्त्र प्रहरीद्वारा १८ किलो गाजा बरामद



**दैनिक समाचारदाता**
**राजविराज, १३ चैत ।**

नेपालबाट भारततर्फ लैजादै गरेको १८ किलो गाँजा सशस्त्र प्रहरीले बरामद गरेको छ ।

सप्तरीको बलान बिहुल गाउँपालिका वडा नं. २ स्थित बलान खोलाबाट सो मात्राका गाँजा बरामद भएको सशस्त्र प्रहरी उपरीक्षक राजु श्रेष्ठले जानकारी दिएका छन् ।

सशस्त्र प्रहरी बल बोर्डर आउट पोष्ट रामनगर कोदरकट्टीका प्रहरी निरीक्षक लालबहादुर खड्का नेतृत्वको गस्ती टोलीलाई देखेपछि गाँजा बोकेका व्यक्तिहरु गाँजा फालेर फरार भएको सशस्त्र प्रहरीको भनाई छ ।

बरामद गाजा नेपाल प्रहरीलाई बुझाइएको तथा फरार भएकाहरुको खोजी भइरहेको प्रहरी उपरीक्षक श्रेष्ठले बताए ।

## किर्ते मुद्दाका फरार प्रतिवादी कारागार चलान

**दैनिक समाचारदाता**
**राजविराज, १३ चैत ।**

किर्ते मुद्दाका फरार एक प्रतिवादी बिहीबार साँझ पक्राउ परेका छन् ।

सप्तरीको राजगढ गाउँपालिका वडा नं. २ घर भई हाल राजविराज नगरपालिका वडा नं. ५ मा बस्दै अँएका अवधेश झा पक्राउ परेको प्रहरीले जनाएको छ ।

अदालतले ८ लाख ३६ हजार ५ सय रुँपैया धरौटी माँग गरेको र बुझाउन नसक्दा उनलाई सप्तरी जिल्ला अदालतको आदेशले शुक्रबार राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी एवं प्रहरी नायब उपरिक्षक माधव प्रसाद काफ्लेले जानकारी दिएका छन् ।

प्रहरीका अनुसार २०७७ साउन २ गते शोभानन्द ठाकुरको मृत्यु पश्चात् निजको जग्गा हडप्ने उद्देश्यले राजगढ गाउँपालिका वडा २ को छाप, लेटरप्याड तथा वडा अध्यक्ष समेतको हस्ताक्षर किर्ते गरि मालपोत कार्यालय सप्तरीमा पेश गरि किर्ते गरेको लिखित सम्बन्धी कसुर मुद्दामा अनुसन्धानका क्रममा फरार भएका उनलाई पक्राउ गरि अदालतमा उपस्थित गराइएको थियो ।

## पिकअप गाडीको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १३ चैत ।**

पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको खडक नगरपालिका वडा नं. ४ पन्सेरा सडकखण्डमा पिकअप गाडीको ठक्करबाट एक मोटरसाइकल चालकको मृत्यु भएको छ ।

पश्चिमबाट पूर्वतर्फ आउदै गरेको बागमती प्रदेश-०२-०१५ प. २५६५ नं. को मोटरसाइकललाई बिपरीत दिशाबाट जादै गरेको बा.२०च. २१५९ नं.को पिकप गाडीले ठक्कर दिएको हो ।

सो ठक्करबाट मोटरसाइकल चालक धादिङ जिल्लाको ज्वालामुखी गाउँपालिका वडा नं. ४ बस्ने अन्दाजी ३८ वर्षिय चाम बहादुर राना मगरको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

ठक्करबाट गम्भिर घाइते भएका मगरलाई उपचारको लागी रा.उ.अस्पताल लहान लैजादै गर्दा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

यता घटनाबारे अनुसन्धान भइरहेको तथा पिकअप गाडी र चालक प्रहरीको नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ ।

## श्रीमतीको हत्या गर्ने श्रीमान् पक्राउ

इनरुवा, १३ चैत (रासस) ।

श्रीमतीको हत्या गरेको अरोपमा एक जनालाई बिहीबार प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सुनसरीको धरान-

*बाँकी तीन पृष्ठमा*



## सम्पादकीय

### स्वास्थ्य मापदण्डको पालना गरौं, महामारीलाई परास्त गरौं

कोरोना महामारीको जोखिम पुनः बढ्न थालेपछि जिल्ला प्रशासन कार्यालय सप्तरीले स्वास्थ्य मापदण्ड अनिर्वाय रुपमा पालना गर्न अपिल गरेको छ । होली पर्व नजिकिदै जाँदा सो पर्व घर भित्रै मनाउन आग्रह पनि गरेको छ । कोरोना भाइरस संक्रमण पुनः दोहरिने सम्भावना उच्च रहेको भन्दै साबधानी अपनाउन अपिल गरिएको हो । भारतमा केही दिन यता कोरोनाको दोस्रो लहर तिब्रगतिमा बढेको र नेपालमा समेत संक्रमण पुष्टी हुनेको संख्या बढ्दै गएकाले सबैले साबधानी अपनाउन आवश्यक छ ।

यसअघि गत वर्ष पनि यसरी नै संक्रमणले गति लिदै गएपछि लकडाउन गर्नु पर्ने अवस्था आएको थियो । यस्तो अवस्थामा भिडभाड हुने गरी कुनै किसिमको मेला, महोत्सव, जात्रा, सांस्कृतिक कार्यक्रम लगायतको काम नगर्नु नै वेश हुन्छ । कीन भने यो संक्रमण एकदेखी अर्को मानिसको सम्पर्कमा सर्ने रोग हो ।

यस महामारी बिरुद्ध खोप समेत आइसकेको अवस्थामा पनि पुनः महामारी बढ्दै जानु मानिसहरुमा त्रास बढेको छ । तसर्थ सबैले स्वास्थ्य मापदण्डको पालन गर्न सकिएमा महामारीलाई परास्त गर्न सकिन्छ ।

## राजर्षि जनक प्रतिभा पुरस्कार गजलगो राणालाई

जनकपुरधाम, १३ चैत (रासस) ।

यस वर्षको राजर्षि जनक प्रतिभा पुरस्कार गजलगो कृष्णजङ्ग राणालाई प्रदान गरिने घोषणा गरिएको छ । नेपाल राष्ट्रिय हिन्दी सम्मेलन समितिको बिहीबार जनकपुरधाममा बसेको बैठकले सो निर्णय गरेको हो ।

नेपालगञ्ज घर हुनुभएका ९० वर्षीय राणाको हिन्दी भाषामा ११ पुस्तक प्रकाशित छन् । पुरस्कारमा रू ५५ हजार ५५५ र कदरपत्र रहने नेपाल हिन्दी राष्ट्रिय सम्मेलनका अध्यक्ष राजेश्वर नेपालीले बताउनुभयो । यही चैत २१ र २२ गते जनकपुरधाममा हुने १९ औं सम्मेलनमा सो पुरस्कार प्रदान गरिने बताइएको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# वैदिक दर्शनको महत्व बुझाउन संस्कृत र हिन्दीका ५० पुस्तक नेपालीमा

काठमाडौँ, १३ चैत (रासस) ।

वैदिक सनातन धर्मको महत्व बुझाउने उद्देश्यले गीता प्रेसले संस्कृत र हिन्दीमा प्रकाशन गरेका ५० पुस्तकको नेपालीमा अनुवाद गराएको छ ।

नेपालमै पहिलो आधिकारिक बिक्री केन्द्रका रूपमा २०७३ जेठमा पशुपतिमा खुलेको गीताप्रेस कक्षले ५० पुस्तक अनुवाद गराएको हो । प्रेसले नेपालीलगायत १४ भाषामा मानव कल्याणका लागि आध्यात्मिक पुस्तक प्रकाशन गर्दै आएको छ ।

अनुवाद भएका पुस्तक लगानी मात्र उठाएर सर्वसाधारणलाई बिक्री गर्ने गरिएको केन्द्रका सञ्चालक जयकिसन सारडाले बताउनुभयो । 'श्रीरामचरितमानस सुन्दरकाण्ड', 'शरणागति', 'श्रीहनुमानचालिसा', 'आदित्यहृदयस्तोत्र','श्रीनारायणकवच', 'रामरक्षास्तोत्र', 'गजेन्द्रमोक्ष', 'अमोघ शिवकवच', 'श्रीमद्भगवत्गीता', 'नित्यकर्म पूजाप्रकाश', 'सरलगीता', 'मानवमात्रको कल्याणका लागि', 'रामायणका आदर्श पात्र', 'आनन्दमय जीवन', 'असल बन', 'उपनिषद्का चौध रत्न', 'प्रश्नोत्तरमणिमाला', 'गीतामाधुर्य', 'विदुरनीति', 'श्रीरामगीता', नामका पुस्तक नेपालीमा अनुवाद भएका छन् ।

यसैगरी 'पाण्डवगीता एवं हंसगीता', 'बालशिक्षा', 'विवेकचुडामणि', 'श्रीदुर्गा सप्तशती', 'एउटा मनको इच्छापत्र', 'नित्य स्तुति र प्रार्थना', 'साँचो गुरु को हुन् ?', 'नारद भक्ति सूत्र एवं शाण्डिल्य भक्ति सूत्र', 'चेतावनी एवं सामयिक चेतावनी', 'प्रश्नोत्तरी', 'संसारको असर कसरी छुट्छ ?', 'अष्टावक्र गीता', 'श्रीमद्भगवद्गीता पदच्छेद अन्वय', 'एकादशी व्रतको माहात्म्य', 'गरुड पुराण सारोद्धार', 'बालकका कुरा', 'मातृशक्तिको घोर अपमान', 'प्रेमदर्शन', 'दाम्पत्यजीवनको आदर्श', 'अपात्रको भगवत् प्राप्ति', 'आदर्श भक्त', 'प्रेरणप्रद कथाहरू', र 'विष्णुसहस्रनामस्तोत्र' अनुवाद भएर आई पशुपति क्षेत्रमा बिक्रीका लागि राखिएको केन्द्रका व्यवस्थापक पुरषोत्तम नेपालले जनकारी दिनुभयो ।

नेपालीमा अनुवाद भई आएका यी पुस्तक पशुपति क्षेत्रका साथै ७७ वटै जिल्लामा समेत बिक्री वितरण भइरहेको छ । नेपालीमा अनुवाद भएका पुस्तकमा पाठकको आकर्षण बढ्न थालेको छ । 'अध्यात्म रामायण', 'गीता माहात्म्य', 'अन्त्यकर्म प्रकाश', 'रुद्राष्टाध्यायी', 'जीवन सञ्जीवनी' र 'कल्याण कसरी हुन्छ ?' गरी छ वटा पुस्तक अनुवाद भई गोरखपुरबाट छापिएर आउने क्रममा रहेको केन्द्रका अनुवाद शाखा प्रमुख राजकुमार भट्टराईले राससलाई जानकारी दिनुभयो ।

**दुई पुराण अनुवादको अन्तिम चरणमा**

यसैगरी संस्कृत भाषाका तीन वटा ग्रन्थ नेपाली अनुवादको अन्तिम चरणमा पुगेको छ । 'नारायणीम्', 'विष्णुपुराण', र 'श्रीमद्भागवत महापुराण' अनुवादको अन्तिम चरणमा पुगेको छ । यी तीन ग्रन्थ छ महीनामा छापिएर पशुपतिस्थित बिक्री केन्द्रमा आइसक्ने जनाइएको छ । गीताप्रसबाट प्रकाशित पुस्तकको नेपाली अनुवाद पशुपतिमा भए पनि छपाइ भने गोरखपुरमै हुने गरेको छ ।

विसं २०७२ वैशाख १२ गतेको भूकम्पको त्रास बढेका बेला नेपाली पाठकमा आध्यात्मिक पुस्तक पढ्ने बानीमा वृद्धि भएपछि केन्द्र खोलिएको हो । विपत्ति एवं महामारीका बेला मानिसमा आध्यात्मिक पुस्तकका साथै टेली चलचित्र हेर्नेक्रमसमेत बढ्न थालेको छ । योक्रम भूकम्पलगत्तै र कोराना महामारी बढेपछि गत वर्षदेखि गीता प्रेसका बिक्री केन्द्रमा देखिएको छ । पशुपति वनकालीस्थित माधवराज सुमार्गी स्मृति भवनको पसल नं ६, ७ र ८ मा केन्द्र सञ्चालन भइरहेको छ । हाल यहाँ आध्यात्मिक पुस्तकप्रति रुचि भएका पाठकको भीड बढेको देखिन्छ ।

"केन्द्रमा ९७ हजार ३०० नेपाली, संस्कृत, अङ्ग्रेजी र हिन्दी भाषाका पुस्तक छन्, प्रेसका ५० पुस्तक नेपालीमा अनुवाद भएका छन्, प्रेसले प्रकाशन गरेका सबै पुस्तक नेपालीमा अनुवाद गराई नेपालीको कल्याण गर्ने केन्द्रको उद्देश्य हुनेछ, प्रत्येक नेपालीको घरमा गीता पुस्तक पुऱ्याउने उद्देश्यले हामीले नेपालीमा अनुवाद गरी अभियान नै चलाएका छौँ", सञ्चालक सारडाले भन्नुभयो ।

प्रेसले विसं २०६२ मा 'रामचरितमानस' र 'मानव मात्रको कल्याणका लागि' गरी दुई पुस्तक नेपालीमा अनुवाद गरेको थियो भने भूकम्पपछि पाठकको मागअनुसार अन्य पुस्तकको अनुवाद गर्ने क्रम बढेको हो । नेपाली अनुवाद गरिएका पुस्तकमध्ये 'शरणागति' वाल्मीकि विद्यापीठका प्राध्यापक पद्मप्रसाद भट्टराईले गर्नुभएको हो भने अन्य पुस्तक केदारनाथदासलगायत लेखकले अनुवाद गर्नुभएको हो ।

बाँकी पुस्तक पशुपति क्षेत्रमै बसेर विभिन्न लेखक एवं अनुवादकले अनुवाद गरिरहनुभएको छ । गीता प्रेसको मुख्यालय गोरखपुरले नेपालको पहिलो बिक्री केन्द्र पशुपति क्षेत्रमै खोल्ने र अनुवाद पनि पशुपति क्षेत्रमै बसेर गर्नुपर्ने शर्त राखेको थियो । केन्द्र प्रमुख सारडा यो शर्त मानेरै केन्द्र स्थापना गरिएको बताउनुहुन्छ । केन्द्रको स्थापनापछि नेपालमा भारतीय धार्मिक पर्यटकको भ्रमण पशुपति क्षेत्रमा अझ बढेको जनाइएको छ ।

विसं २०७२ वैशाख १२ गतेको भूकम्पपछि मानव कल्याणका लागि केही गरौँ भन्ने भावना जागेकाले एक वर्ष प्रयास गरेर प्रेसको आधिकारिक बिक्री केन्द्र खोलिएको संस्थापक सारडा बताउनुहुन्छ । केन्द्रले नाफा लिने उद्देश्य नलिएको र कर पनि नलाग्ने भएकाले प्रेसले तोकेकै मूल्यमा पुस्तक बिक्री गरिन्छ । प्रेसले पुस्तक निःशुल्क पनि नदिने र तोकिएकोभन्दा बढी मूल्य पनि नलिने नीति लिँदै आएको छ । भूकम्पपछि जस्तै बन्दाबन्दीका समयमा पनि आध्यात्मिक पुस्तक किन्नेको सङ्ख्या बढ्न थालेको कमलपोखरीमा गीता प्रेसका पुस्तक बिक्री गर्दै आउनुभएका रोशन अधिकारीले बताउनुभयो । "भूकम्पपछि दश जोड दुईमा अध्ययनरत किशोरकिशोरी पनि आध्यात्मिक पुस्तक किन्न आउन थालेका थिए, अहिले पनि रोगको त्रासका कारण पनि हुनसक्छ युवायुवतीसमेत गीता प्रेसका आध्यात्मिक पुस्तक खोज्दै आउने गरेका छन्", उहाँले भन्नुभयो ।

केन्द्र खोलेपछि चार वर्षको समय आफ्नो जीवनको सबैभन्दा खुशीको बनेको प्रमुख सारडाको अनुभव छ । मानिसमा चिन्ता, थकान, दबाब लगायत नकारात्मक तत्वको वृद्धि हुन्छ । यस्तो बेलामा गीतालगायत आध्यात्मिक पुस्तक अध्ययन गर्दा भित्रैदेखि शान्ति मिल्ने पुस्तक किन्दै गर्नुभएका पाठक ईश्वरकृष्ण महर्जनले बताउनुभयो । विसं १९८० मा भारतको गोरखपुरमा श्रीजयदयालजी गोयन्दकाले वैदिक सनातन हिन्दू धर्मावलम्बीको धार्मिक ग्रन्थ गीता प्रचार गर्ने उद्देश्यले प्रेसको स्थापना गर्नुभएको हो । प्रेसले हालसम्म ६० करोड ४६ लाख आध्यात्मिक पुस्तक १४ भाषामा प्रकाशन गरेको जनाइएको छ । हाल नेपाललगायत भारतमा समेत प्रेसका २३ बिक्री केन्द्र छन् । गीता प्रेसका सबै बिक्री केन्द्रले प्रकाशनको लगानी मात्र लिने गरी पुस्तक बेच्ने गरेका छन् ।

# प्रदेश स्तरिय सहकारी अभिमुखीकरण अन्तरक्रिया सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, १३ चैत ।**

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश २ ले शुक्रबार राजविराजमा प्रदेश स्तरिय सहकारी अभिमुखीकरण अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

आयोजित अन्तरक्रिया कार्यक्रममा सो मन्त्रालयका प्रमुख ओम नारायण झाले सहकारीहरुले आफ्नो सम्पूर्ण सदस्यहरुको विवरण तथा कारोबार पारदर्शी रुपले अभिलेख राख्नु पर्ने सुझाव दिएका छन् ।

आयोजित कार्यक्रममा प्रमुख झाले सम्पत्ति शुद्धिकरण सम्बन्धी कानुन अगाडी बढीसकेको अवस्थामा सहकारीहरुले पनि सोही कानुनको अधिनमा रहेर कामकाज गर्नु पर्नेमा जोड दिए । उनले अबदेखी सहकारीहरुले अन्य बित्तिय संस्थाहरु जस्तै बैंकिङ कारोबारहरु गर्दा आय श्रोत खुल्ने विवरण, कारोबारको उद्देश्य लगायत सदस्यहरुको तीन पुस्ते विवरण समेत समावेश हुनुपर्ने बताए ।

सहकारी संस्थाहरुले कार्यान्वयन अधिकारी अनिवार्य रुपमा तोकी स्थानिय पालिकालाई जानकारी समेत दिनुपर्ने बताए ।

मन्त्रालयका प्रमुख झाको अध्यक्षता तथा जिल्ला समन्वय समिति सप्तरीका सभापति प्रभाकर यादवको प्रमुख आतिथ्यमा सम्पन्न अन्तरक्रियामा सोही मन्त्रालयका मन्त्रिका स्वकिय सचिव नवनित झा, जिल्ला सहकारी संघका प्रबन्धक रमेश प्रसाद गुप्ता, जिल्ला दुग्ध संघका अध्यक्ष दिपेन्द्र कुमार आचार्य, त्रियुगाा बहउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष शम्भु खडका, ऋण बचत संघकी उपाध्यक्ष ममता साह, पत्रकार नवीनकुमार गुप्ता लगायतले मन्त्रालयले सहकारी संस्थाहरुप्रति देखाएको सकारात्मक पहलको चर्चा गरेका थिए ।

# भूमि सम्बन्धी समस्या समाधान आयोगको कार्यालय उद्घाटन



**दैनिक समाचारदाता**
**राजविराज, १३ चैत ।**

भूमि सम्बन्धी समस्या समाधान आयोग जिल्ला समिति सप्तरीको शुक्रबार एक कार्यक्रमबीच कार्यालय उद्घाटन गरिएको छ ।

जिल्ला समन्वय समिति सप्तरीको हाताभित्र रहेको भवनमा आयोगको कार्यालय उद्घाटन गरिएको हो ।

समन्वय समितिका सभापति प्रभाकर यादव र प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणि पोखरेलले संयुक्त रुपमा रिबन काटेर सो कार्यालयको उद्घाटन गरे ।

आयोगका अध्यक्ष देवनारायण चौधरीको अध्यक्षतामा आयोजित कार्यालय उद्घाटन कार्यक्रमको प्रमुख अतिथि जिल्ला समनवय समिति सप्तरीका सभापति प्रभाकर यादव, प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणि पोखरेल, प्रहरी उपरिक्षक राजेन्द्र धमला, सशस्त्र प्रहरी उपरिक्षक राजु श्रेष्ठ लगायतको उपस्थिती रहेको थियो ।

कार्यालय उद्घाटन पश्चात् आयोगका नवनियुक्त अध्यक्ष चौधरीले सत्यतथ्य प्रमाणको आधारमा भूमिहीनलाई जग्गा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले जिल्लामा ३० हजार बढी दलित, भूमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बासोवासी रहेको जानकारी दिएका छन् ।

ती अव्यवस्थित वासोवासीहरुलाई व्यवस्थित रुपले भूमि दिनका लागि जिल्लाको १३ वटा पालिकासँग सम्झौता गरिसकेको बताउँदै बाँकी रहेका शम्भुनाथ नगरपालिका, खडक नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, राजगढ गाउँपालिका र विष्णुपुर गाउँपालिकासँग एक हप्ताभित्रै सम्झौता गरिसक्ने बताए ।

स्थानिय पालिका तथा सो पालिका अन्तरगतका वडाहरुमा सहजिकरण समिति समेत गठन भइसेकेको र ती समितिले १५ दिने वा ७ दिने सूचना प्रकाशित गर्नुपर्ने, सार्वजनिक सुनुवाई गर्नुपर्ने, दलित, भूमिहीन, अव्यवस्थित बसोवासीहरुको अनुमोदन गरि जिल्ला समितिमा पठाउनु पर्ने प्रावधान रहेको छ ।

अध्यक्ष चौधरीका अनुसार समितीमा आएका सिफारिसहरुलाई पालिकामा रहेको सहजिकरण समितिले समेत अनुमोदन गरेर जिल्ला समितिमा पठाएपछि त्यहा रहेका सात सदस्यीय समितिले अन्तिम पटक अनुमोदन गरेर जग्गाका लागि सिफारिस तथा सोको प्रक्रिया अगाडी बढाइने जनाए ।

ती सात सदस्यीय समितिमा आयोगका अध्यक्ष, भूमि विज्ञ, महिला सदस्य, जिल्ला डिभिजन वन कार्यालयका प्रमुख, जिल्ला मालपोत कार्यालयका प्रमुख तथा जिल्ला नापी विभागका प्रमुख छन् ।

सरकारले गत माघ १५ गते एकै पटक ७७ वटै जिल्लामा भूमि सम्बन्धी समस्या आयोग गठन गरेको थियो । जस अन्तरगत सप्तरीमा देवनारायण चौधरीको अध्यक्षतामा जयप्रकाश ठाकुर विज्ञ सदस्य तथा महिला सदस्यमा जित कुमारी पौडेललाई नियुक्त गरेको थियो ।

## संक्रमण रोकथामका लागी स्वास्थकर्मीलाई अभिमुखिकरण



**दैनिक समाचारदाता**
**राजविराज, १३ चैत ।**

सप्तरीको खडक नगरपालिकाका स्वास्थ्य संस्थाका प्रमुखहरुलाई संक्रमण न्युनिकरण सम्बन्धी पाँच दिने तालिम सम्पन्न भएको छ ।

संक्रमण रोकथाम तथा स्वास्थजन्य फोहोर मैला व्यवस्थापनको पछिल्लो समयमा निक्कै महत्व बढेको बेला न्युनिकरण सम्बन्धी तालिमको आयोजना गरिएको हो ।

चैत ९ गते देखी १३ गतेसम्म संचालन गरिएको उक्त तालिमबाट विभिन्न प्रकारको संक्रमणको जोखिमलाई धेरै हदसम्म न्युनीकरण गर्न सक्ने सबल नेपालका कार्यक्रम संयोजक परमेश्वर झाले बताए ।

सबल नेपालको आयोजनामा तथा एसएनभि नेपालको सहयोगमा वास एसडिजी कार्यक्रम अन्तर्गत खडक नगरपालिकाको कार्यलयमा स्वास्थ संस्थाका कर्मचारीहरूलाई तालिम दिएर सम्बन्धित वडामा बानी व्यवहारमा परिवर्तन, फोहोर ब्यबस्थापन तथा चर्पिको निर्माण गर्न, प्रयोग वारेमा सहजिकरण गरिने झाको भनाई छ ।

### *श्रीमतीको हत्या ...*

८ दुर्गापथका ३७ वर्षीय तिलबहादुर माझी रहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

माझीले ३१ वर्षीया श्रीमती सम्झना माझीको खुकुरी प्रहार गरेर हत्या गरेको सुनसरीका प्रहरी नायब उपरीक्षक नरेन्द्रकुमार कार्कीले बताउनुभयो । घटनाका विषयमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**
- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**
- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर ११११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# विश्व समाचार

## चीनद्वारा बेलायती नागरिक र संस्थामाथि प्रतिबन्धहरु घोषणा

बेइजिङ, १३ चैत (रासस-एपी) ।

चीन विरोधी अभियानमा संलग्न रहेको आरोपमा केही बेलायती नागरिक एवं संस्थामाथि चीनले शुक्रबार प्रतिबन्धहरु घोषणा गरेको छ । खासगरी चीनको मुस्लिम बहुल जिनजियाङ क्षेत्रमा मानव अधिकार उल्लङ्घनको आरोप लगाउँदै युरोपेली युनियन र बेलायतले केही चिनियाँ पदाधिकारीमाथि प्रतिबन्धहरु लगाएको विरोधमा चीनले यस्तो कदम चालेको हो । चीनको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा पशिचमा राष्ट्रहरुबाट चीनमाथि लगाइएका आरोपहरु झुटा र गलत सूचना रहेको जनाएको छ । विज्ञप्तिमा पशिचमा मुलुकका कार्यहरुले चीनको आन्तरिक मामिलामा हस्तक्षेप गर्न खोजेको तथा अन्तर्राष्ट्रिय कानुन एवं न्यूनतम मूल्यमान्यतालाई नजरअन्दाज गर्न खोजिएको उल्लेख छ ।

साथै बेलायतको पछिल्लो निर्णयले चीन-बेलायत सम्बन्धलाई गम्भीर रुपमा असर पार्न सक्ने पनि विज्ञप्तिमा जनाइएको छ । चीनका लागि बेलायती राजदूतलाई पनि चिनियाँ विदेश मन्त्रालयले बोलाएर कूटनीतिक विरोध जनाएको मन्त्रालयले जनाएको छ । प्रतिबन्ध लगाइएका बेलायती नागरिक एवं समूहलाई चिनियाँ भूभागको भ्रमणमा रोक लगाइएको छ भने चिनियाँ नागरिक एवं संस्थासँग आर्थिक कारोबारमा प्रतिबन्ध लगाइएको छ । चीनले तयार पारेको प्रारम्भिक विवरणमा तत्कालका लागि नौ जना बेलायती नागरिक र चार वटा संस्थामाथि प्रतिबन्ध घोषणा गरिएको छ जसमा बेलायती सांसद इयान डन्कन र कन्जरभेटिभ पार्टीको मानव अधिकार आयोग समेत छन् ।

सिनजियाङको विषयलाई लिएर चीन र पशिचमा राष्ट्रबीच केही समयदेखि तिखा आरोपप्रत्यारोप जारी छन् । पशिचमा मुलुकहरुले चीनले सिनजियाङका १० लाखभन्दा बढी उइगुर र अन्य मुस्लिम अल्पसंख्यक समूहलाई बन्दी झैं व्यवहार गरेको आरोप लगाइरहेका छन् । चीनले यस क्षेत्रमा मानिसलाई जबर्जस्ती दास बनाएको र जन्मदरलाई जबर्जस्ती नियन्त्रण गरिरहेको पशिचमा मुलुकको आरोप छ । पछिल्लो समय युरोपेली युनियन, संयुक्तराज्य अमेरिका, बेलायत र क्यानडाले चार जना चिनियाँ अधिकारीमाथि सिनजियाङ मामिलालाई लिएर प्रतिबन्धहरु घोषणा गरेका छन् । पातलो बस्ती रहेको सिनजियाङमा कपास र अन्य कृषिजन्य उत्पादन हुने गर्दछ । पशिचमा मुलुकहरुले यहाँ उत्पादित सामग्री खरिद नगर्ने पटकपटक धम्की दिइआएका छन् ।

चीनले प्रतिबन्ध घोषणा गरिएकाहरुमा राजनीतिकर्मीहरु, बुद्धिजीवीहरु र मानव अधिकारवादीहरु टम टुगेनढाट, निल ओब्रायन, नुस्रत घानी, हेलेना केन्नेडी, जियोफ्री निस र जोआना निकोला स्मिथ फिन्ले रहनु भएको छ । साथै चाइना रिसर्च ग्रुप, उइगुर ट्रिबुनल र इसेक्स कोर्ट च्याम्बर्स पनि प्रतिबन्धको सूचीमा समावेश छन् । चीनका विभिन्न सरकारी निकायहरु र राज्य नियन्त्रित संचार माध्यमहरुले पनि पशिचमा मुलुकका गतिविधिमाथि तिखो आलोचना गरिरहेका छन् । सिनजियाङ सरकारले लामो विज्ञप्ति जारी गर्दै यस क्षेत्रमा पछिल्लो समय आर्थिक वृद्धि, राजनीतिक स्थायित्व र जनसंख्या वृद्धि भएको दाबी गरेको छ । विज्ञप्तिमा अमेरिका, बेलायत, क्यानडा र अन्य क्षेत्रमा मानव अधिकार उल्लङ्घनका घटना भएको उल्लेख गरिएको छ । पशिचमा राष्ट्रहरुले इराक र लिबियामा सैनिक हस्तक्षेप गरेकै कारण क्षेत्रीय अशान्ति फैलिएको पनि विज्ञप्तिमा दाबी गरिएको छ ।

## भारतमा कोरोना भाइरसबाट एकै दिनमा ५९ हजार भन्दा बढी सङ्क्रमित

नयाँदिल्ली, १३ चैत (रासस/सिन्ह्वा) ।

भारतमा ५९ हजार ११८ जना थप व्यक्तिमा कोरोना सङ्क्रमण देखिएपछि कूल सङ्क्रमितको सङ्ख्या एक करोड १८ लाख ४६ हजार ६५२ पुगेको मन्त्रालयले बिहीबार जानकारी दिएको छ । गत २४ घण्टामा कोरोना सङ्क्रमणबाट २५७ जनाको मृत्यु भएपछि यहाँ कूल मृतकको सङ्ख्या एक लाख ६० हजार ९४९ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले शुक्रबार जानकारी दिएको छ । सोही अवधीमा यहाँ कूल सङ्क्रमितमध्ये चार लाख २१ हजार ६६ जना अहिले पनि सङ्क्रमित अवस्थामै रहेका छन् भने कूल एक करोड १२ लाख ६४ हजार ६३७ जना सङ्क्रमणमुक्त भएका छन् ।भारतमा गत जनवरीबाट कोरोना भाइरसविरुद्धको खोप अभियान शुरु भएको थियो । सो समयदेखि हालसम्म पाँच करोड ५० भन्दा बढीले खोप लगाइसकेका छन् । त्यसैगरी कोरोना परीक्षण गर्ने क्रम पनि चलिरहेको भारतीय चिकित्सा अनुसन्धान परिषद्ले जनाएको छ । परिषद्का अनुसार सोमबारसम्म भारतमा २३ करोड ८६ लाख तीन हजारभन्दा बढी व्यक्तिको कोरोना परीक्षण गरिएको छ । बिहीबार एकै दिनमा ११ लाख ७५६ हजारभन्दा बढीको कोरोना परीक्षण गरिएको समाचारमा जनाइएको छ ।

## कोइला खानी दुर्घटनामा चारको मृत्यु

ताइवान, चैत (रासस/सिन्ह्वा) ।

उत्तर चीनको शांक्सी प्रान्तमा रहेको कोइला खानीमा बिहीबार भएको ग्यास दुर्घटनापछि फसेका चार जना मजदुरको मृत्यु भएको उद्धारकर्मीले पुष्टि गरेका छन् । उनीहरुका शव शुक्रबार बिहान १०:३५ फेला परेको दुर्घटनाको उद्धार मुख्यालयले जानकारी दिएको छ । बिहीबार बिहान ३:५१ बजे भएको उक्त दुर्घटनामा १२ जना कामदार फसेका थिए र आठ जनाको भने उद्धार गरिएको थियो । दुर्घटनाको कारणबारे थप अनुसन्धान भइरहेको जनाइएको छ ।

## मुम्बाई अस्पतालमा आगलागी नौको मृत्यु

नयाँ दिल्ली, १३ चैत (रासस/सिन्ह्वा) ।

भारतको मुम्बाई शहरमा रहेको कोभिड-१९ अस्पतालमा भएको आगलागीमा परी मृत्यु हुने व्यक्तिको संख्या नौ पुगेको छ । अझै केही व्यक्ति फसेको अनुमान गरिएको छ । बिहीबार राती भएको यस आगलागीमा परेका अन्य छ जनाको शव निकालिएपछि मृतकको संख्या नौ पुगेको प्रहरी उप निरीक्षक प्रशान्त कदमले सिन्ह्वा समाचार समितिलाई बताउनु भएको छ । अझै पनि केही व्यक्ति फसेका अनुमान गरिएको पनि प्रशान्तले बताउनु भएको छ । कोभिड प्रकोपको दोस्रो लहर आइरहेको यस अवस्थामा पुनः कोरोना अस्पतालमा नै आगलागी भएको छ ।

# बजाज खडक वारियर्स र रुपनी राईडर्स फाइनलमा प्रवेश



**दैनिक समाचारदाता**
**राजविराज, १३ चैत ।**

राजविराजमा संचालित मेयर कप सप्तरी प्रिमियर लिगको फाइनलमा बजाज खडक वारियर्स र रुपनी राईडर्स प्रवेश गरेका छन् ।

शुक्रबार सम्पन्न प्रतियोगिताको लिग चरणको अन्तिम खेलमाव स बजाज खडक वारियर्सले टिभीएस किंग्स राजविराजलाई २७ रनले पराजित गरेको छ । यो जितसँगै बजाज खडक वारियर्स अंक तालिकाको शिर्ष स्थानमा रहँदै फाइनल पुग्न सफल भएको हो । यस्तै अंक तालिकामा दोश्रो स्थानमा रुपनी राईडर्स रहेको छ ।

अंक तालिका अनुसार पहिलो वरियता र दोश्रो वरियताका टिम बीच फाइनल खेल हुनेछ । वारियर्स र राईडर्स दुवैले लिग चरणमा ४ खेल खेल्दै ३/३ जित हात पारेको हो । दुबै टिमबीच शनिवार फाइनल प्रतिस्पर्धा हुनेछ ।

शुक्रबार सम्पन्न खेलमा बजाज खडक वारियर्सले दिएको १ सय ८२ रनको लक्ष्य पछ्याउने क्रममा टिभीएस किंग्स राजविराजले २० ओभरमा ७ विकेटको क्षतीमा १ सय ५४ रन मात्र बनाउन सफल भयो ।

टिभीएसका लागि रोबिन सिंहले अविजित ५१, सुरज कुर्मीले ३६ प्रशान्त सिंहले २४ तथा सोनु अन्सारीले १६ रनको योगदान दिएका थिए ।

यता बजाज खडक वारियर्सका तर्फबाट गोमानन्द अमात्य, भुलावन सहानी र अनिल खरेलले २/२ विकेट लिए भने पप्पु यादवले १ विकेट लिए ।

यस अघि टस जितेर ब्याटिंग गरेको बजाज खडक वारियर्सले निर्धारित २० ओभरमा ४ विकेट क्षेतीमा १ सय ८१ रन बनाएको थियो ।

वारियर्सका लागि अनिल शाहले सर्वाधिक ७०, कप्तान विवेक यादवले ३७, निरज यादवले ३२ तथा पवन सर्राफले १८ रनको पारी खेलेका थिए ।

टिभीएस किंग्स राजविराजको बलिंगमा रोबिन सिंह, मेहबुब आलम र दिनेश अधिकारीले १/१ विकेट लिए । खेलको प्लेयर अफ द म्याच अनिल शाह घोषित भए ।

# भारोत्तोलन प्रतियोगिताको आयव्यय सार्वजनिकसँगै सम्मान र शुभकामना आदान प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, १३ चैत ।**

सप्तरी जिल्ला भारोत्तोलन संघले चैत १ गते सम्पन्न प्रथम देवसुन्दर स्मृती महिला तथा पुरुष राष्ट्रिय भारोत्तोलन प्रतियोगिताको शुक्रबार आयव्यय सार्वजनिक गरेको छ ।

जिल्ला खेलकुद विकास समितिको कभर्ड हलमा शुक्रबार आयोजित एक कार्यक्रमबीच संघका अध्यक्ष महेश प्रसाद यादवले आयव्यय सार्वजनिक गर्दै प्रतियोगिताका सहयोगि संघ संस्था र व्यक्तिलाई सम्मान तथा होलीको शुभकामना आदान प्रदान समेत गरे ।

संघका अध्यक्ष यादवले दुई दिनसम्म चलेको प्रतियोगितामा कुल ७ लाख २८ हजार आम्दानी तथा १० लाख ४ सय ५ रुँपैया खर्च भएको आयव्यय विवरण सार्वजनिक गरे । उनले आम्दानी भन्दा खर्च बढी भएपनि विभिन्न स्थानिय तह, संघ संस्था र व्यक्तिबाट सहयोग गर्ने प्रतिबद्धता आएकाले यसरी प्राप्त हुने रकमबाट घाटा पूर्ती गरिने जानकारी पनि दिए ।

प्रतियोगिता भब्य र सभ्य रुपमा सम्पन्न गर्न सहयोग पुऱ्याउने राजविराज नगरपालिका, कंचनरुप नगरपालिका, बोदेबरसाइन नगरपालिका, तिलाठी कोइलाडी गाउँपालिका, राजगढ गाउँपालिका, रुपनी गाउँपालिका, खेलकुद पत्रकार मञ्च, सुन चाँदी आभुषण संघ, भोरुकवा एफएम र प्रशिक्षकलाई आयोजकद्वारा दोसल्ला र कदरपत्रबाट सम्मान समेत गरिएको थियो ।

कार्यक्रममा संघका सल्लाहकार डा. शिवशंकर यादव, मनोजकुमार माझी, नवीनकुमार गुप्ता, सचिव गोपाल प्रसाद गुप्ता, पूर्वसांसद सूर्यनाथ यादव, राजविराज नगरपालिका प्रमुख शम्भुप्रसाद यादव, कंचनरुप नगरपालिका प्रमुख बसन्त मिश्र, तिलाठी कोइलाडी गाउँपालिका अध्यक्ष सतिश सिंह, रुपनी गाउँपालिका अध्यक्ष हरेराम यादव, राजगढ गाउँपालिका अध्यक्ष परमानन्द यादव, बोदेबरसाइन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत घनश्याम यादव, खेलकुद विकास समितिका प्रमुख दिनेश भुजेल लगायतले राष्ट्रिय स्तरको प्रतियोगिता भब्य र सभ्य रुपमा गर्न सफल भएकोमा आयोजकलाई धन्यवाद दिँदै भावी दिनमा समेत सहयोग गर्ने प्रतिबद्धतासहित होलीको शुभकामना दिएका थिए ।

# सामाजिक विकास मन्त्री साहद्वारा ज्येष्ठ नागरिक सम्मानित




**दैनिक समाचारदाता**
**राजविराज, १३ चैत ।**

प्रदेश २ का सामाजिक विकास मन्त्री मन्त्री नवल किशोर साहले शुक्रबार एक कार्यक्रमबीच राजविराजमा पाँच दर्जन बढी ज्येष्ठ नागरिकहरुलाई सम्मान गरेका छन् ।

सामाजिक विकास मन्त्रालयद्वारा आयोजित "ज्येष्ठ नागरिकमा भएको ज्ञान, सीप र अनुभव अन्तरपुस्तामा हस्तान्तरण" कार्यक्रममा सो सम्मान गरिएको हो ।

कार्यक्रममा सहभागि मध्ये कतिपय बृद्धबृद्धा असशक्ताका कारण मञ्चमा पुग्न नसक्दा मन्त्री साह उनीहरु बसेकै स्थानमा पुगि दोसल्ला ओढाएर सम्मान गरे ।

सो कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री साहले ज्येष्ठ नागरिक समाजमा जिउँदा इतिहास र अनुभवका खानी भएकाले उनीहरुबाट वर्तमान र भावी पुस्ताले धेरै कुरा सिक्नु पर्ने बताए । उनीहरुलाई सधै सम्मान गर्दै जाने र यसका लागि प्रदेश सरकारको बजेट तथा नीति कार्यक्रममा पनि थप सम्मान हुने खालका विभिन्न योजना समावेश गरेको जानकारी दिए ।

मन्त्री साहले ज्येष्ठ नागरिकको सुरक्षा र संरक्षणका लागि प्रदेश सरकारको तर्फबाट कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता समेत जनाए ।

सोही कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सामाजिक विकास महाशाखा प्रमुख देवकुमारी खत्रीले ज्येष्ठ नागरिकप्रति घर, समाज तथा राष्ट्रबाटै सम्मानजनक व्यवहार गरिनु पर्नेमा जोड दिइन् ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादव, जसपाका केन्द्रिय सदस्य पुनम यादव, केअमावीका प्रअ दिनेश यादव, जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादव, जसपा सप्तरीका अध्यक्ष सुनिल झा, पूर्वसांसद नागेन्द्र झा, ज्येष्ठ नागरिक काशीनाथ जोशी लगायतले पनि बोल्दै ज्येष्ठ नागरिकमा भएको अनुभव र ज्ञानबाट शिक्षा लिँदै भावी पुस्ता अघि बढ्नु पर्नेमा जोड दिएका थिए ।

# नक्कली नोट र नक्कली नोट छाप्ने प्रिन्टरसहित दुई पक्राउ

काठमाडौं, १३ चैत (रासस) ।

प्रहरीले नक्कली नोट छाप्ने प्रिन्टरसहित दुई जनालाई पक्राउ गरेको छ । महानगरीय प्रहरीवृत्त कालिमाटीबाट खटिएको प्रहरी टोलीले नक्कली नोटसहित रौतहटका ३५ वर्षीय गनबहादुर लोप्चान र मकवानपुरकी ३९ वर्षीया माया तामाङलाई पक्राउ गरी बिहीबार सार्वजनिक गरेको हो ।

महानगरीय प्रहरी परिसर काठमाडौंका प्रवक्ता, प्रहरी उपरीक्षक रमेशबहादुर बस्नेतले नक्कली नोट बोकेका व्यक्ति कलङ्की तरकारी बजारमा तरकारी किन्न आएको सुराकीका आधारमा बुधबार राति पक्राउ गरिएको जानकारी दिनुभयो ।

पक्राउ परेका व्यक्तिले कीर्तिपुरको एक घरमा प्रिन्टर मेसिनसमेत राखेर नक्कली पैसा छाप्ने गरेको अनुसन्धानमा खुलेको छ । उनीहरूबाट प्रहरीले एक हजार दरको ५१ थान, ५०० दरको ५७ थान, १०० दरको दुई थान, प्रिन्टर एक थान, फोटोकपी पेपर, पेपर कटर एक थान, ल्यापटप एक थान, मोबाइल एक थान बरामद गरेको छ । पक्राउ परेका दुवैसँग आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# ट्रकको ठक्करबाट प्रहरीको मृत्यु

धनुषा, १३ चैत (रासस) ।

यहाँ ट्रकको ठक्करबाट नेपाल प्रहरीका एक जना प्रहरी सहायक निरीक्षकको घटनास्थलमै मृत्यु भएको छ । पूर्व-पश्चिम राजमार्गको मिथिला नगरपालिका-१० लालगढस्थित मोडेल अस्पताल अगाडिको सडक खण्डमा प्रहरी सहायक निरीक्षक सवार रहेको मोटरसाइकलमा ट्रकले ठक्कर दिँदा उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार ट्रकको ठक्करबाट प्रहरी सहायक निरीक्षक मदनजङ्ग कापरको मृत्यु भएको हो । उनी प्रदेश २ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यरत रहेका थिए । शुक्रबार बिहान करीब ३ बजे प्रहरी सहायक निरीक्षक कापरको शव बरामद भएको थियो । शव शङ्कास्पद देखिएपछि खोजतालस गर्दै जाँदा जनकपुरबाट बर्दिवासतर्फ जाँदै गरेको प्रहरी सहायक निरीक्षक चढेको लु ५३ प ८५७५ नम्बरको मोटरसाइकललाई विपरीत दिशाबाट आइरहेको स ८ प ३९३६ नम्बरको ट्रकले ठक्कर दिएको खुलेको इलाका प्रहरी कार्यालय ढल्केवरका प्रहरी निरीक्षक तीर्थ कार्कीले जानकारी दिनुभयो ।

ठक्कर दिई तत्काल घटनास्थलबाट फरार भएका ट्रकलाई सुनसरीको इनरुवा प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान प्रक्रियालाई अगाडि बढाएको छ ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रा सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*